# मैवाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## साँघु, ताप्लेजुङ
### स्थापना: २०७३

आ.व.-२०८०/८१

(कार्यपालिका बैठक)

(१ नं. प्रदेश नेपाल)

मितिः२०८०/०९/२९

बैठक सुरू समयः विहान ८ बजे

बैठकको अध्यक्षताः विजय प्रकाश वनेम

बैठक संख्याः ७

उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | रिता सेर्पा |
| १० | श्री पासाङ ग्याबु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | तुलसा |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मीमाया गोम्देन | सदस्य सचिव | |

मैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ
स्था:२०७३

पत्र संख्या:-०८०/८१
चलानी नं:-

(१ नं. प्रदेश, नेपाल)
मितिः २०८०\०९\२९

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति -२०८०/०९\२९ गते बसेको सातौँ बैठकको प्रस्ताव तथा निर्णयहरू:

प्रस्तावहरू:

- सडक गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन उपर छलफल
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन LISA, वीत्तीय सुशासन जोखिम मूल्याङ्कन FRA, आर्थिक विकास मूल्याड्कन LED उपर छलफल,
- मङ्सिर र पौष महिनाको भौतिक पूर्वाधार शाखाबाट भएका काम कारबाहीको अनुगमन प्रतिवेदन उपर छलफल ,
- वातावरणीय प्रभाव मूल्याङ्कनको प्रस्ताबित प्रतिवेदन उपर छलफल ,
- जग्गा व्यवस्थापन सम्बन्धमा ,
- विविध

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | सडक गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन उपर आवश्यक छलफल गरियो। | |

| | | |
|---|---|---|
| २ | आजको यस बैठकमा मैवाखोला गाउँपालिकाको आर्थिक वर्ष २०७९\८० को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन LISA को ९०.५%, वीत्तीय सुशासन जोखिम मूल्याङ्कन FRA को ८४.५%, स्थानीय आर्थिक विकास मूल्याङ्कन LED को ९०% अङ्क उपर छलफल गरी सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो । | |
| ३ | मङ्सिर र पौष महिनाको भौतिक पूर्वाधार शाखाबाट भएका काम कारबाहीको अनुगमन प्रतिवेदन उपर छलफल गरियो । | |
| ४ | वातावरणीय प्रभाव मूल्याङ्कनको प्रस्तावित प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतले स्वीकृत गरियो । | |
| ५ | असार २ गते रातिको भारी वर्षाको कारण मैवाखोला गाउँपालिका वडा नं.-४ स्थित ओदक वस्ती अति उच्च जोखिममा परेको साथै भू-गर्भविदको अध्ययन प्रतिवेदनले समेत उक्त वस्ती बस्न लायक नरहेको ठहऱ्याएको ले उक्त वस्तीको ६५ घर परिवारलाई स्थायी बसोबासका लागि जग्गा व्यवस्थापन गर्नुपर्ने भएकाले उक्त व्यवस्थापनका लागि तपशीलका जग्गाहरूको क्षेत्र तोकी उक्त जग्गा धनीहरूको न्युनतम प्रस्तावित मूल्य सहित पेश गर्नका लागि १५ दिने सूचना प्रकाशन गर्न प्रशासन शाखामा निर्देशन दिने सर्वसम्मतले निर्णय गरियो;<br><br>१) वडा नं. ४ स्थित तालदेखि पूर्व आहल डाँडा, हेलिप्याडदेखि पश्चिम, जुकेपानी मुहानदेखि दक्षिण र कँदेले डाँडादेखि उत्तर भित्रको क्षेत्र,<br><br>२) वडा नं. ३ स्थित लुकुवा खोलादेखि पश्चिम, कागते खोलादेखि पूर्व, बाङ्गेलाम बस्तीदेखि उत्तर र लुकुवा तेर्सो सडकदेखि दक्षिणसम्मको क्षेत्र | |

| | | |
|---|---|---|
| ६ | ताप्लेजुङ सरोकार केन्द्र, काठमाण्डौलाई स्मारिका प्रकाशनका लागि सहयोग माग भएकाले रु १०००००\ एक लाख मात्र रकम विविध शीर्षकबाट सहयोग स्वरूप प्रदान गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| ७ | एकीकृत कर सङ्कलन प्रणाली AMC सफ्टवेयरको सम्झौता म्याद सकिएकाले उक्त सफ्टवेयरको थप सम्झौताका लागि रु १७१७६०\एक लाख एकहत्तर हजार सात सय साठी रकम छपाई तथा प्रकाशन शीर्षकबाट खर्च गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ८ | राष्ट्रिय भूमि आयोग ताप्लेजुङबाट त्यस कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर (करार)को व्यवस्थापनका लागि रु ३१०००\- सहयोग माग भएकाले उक्त रकम विविध शीर्षकबाट प्रदान गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ९ | फागोलुङ माङ्गेन्नायक पिरिङ्गे समाज, मैवाखोलाले कक्फेक्वा तङ्नाम (माघे सङ्क्रान्ति) पर्व मनाउनका लागि सहयोग माग भएकाले उक्त समाजलाई रु ५०,०००\- रकम विविध शीर्षकबाट सहयोग गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १० | समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत तपशीलका कार्यक्रम छनौट तथा प्राथमिकीकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने सर्व-सम्मतले निर्णय गरियो;<br>**समपूरक अनुदान तर्फ**<br>प्राथमिकता नं. १- मैवाखोला चक्रपथ सडक स्तरोन्नति<br>**विशेष अनुदान तर्फ**<br>प्राथमिकता नं. १- मैवाखोला मा.वि. तेम्बेको खेल मैदान विस्तार, | |

| | | |
|---|---|---|
| | प्राथमिकता नं. २- सात पत्रे फोहर मैला व्यवस्थापन ल्याण्ड फिल्ड साइड<br>प्राथमिकता नं. ३- ५ नं. वडाको स्वास्थ्य भवन निर्माण,<br>प्राथमिकता नं. ४- खानेपानी मुहानहरूमा treatment plant जडान। | |
| ११ | मैवाखोला गाउँपालिका भित्रका वडाहरूमा रहेका विभिन्न क्लब तथा समूहको नाममा लगाउने गरेको मेला पूर्व स्वीकृति नलिई लगाउने गरेको र त्यस्ता खालका मेला तथा खेलहरूमा झै-झगडा, चोरी डकैती जस्ता अराजक र शान्ति सु-व्यवस्था खल्बल्याउने गतिविधि बढेको पाइएकाले अब उप्रान्त गाउँपालिकाको अनुमति लिएर मात्र आयोजना वा सञ्चालन गर्न दिने सर्व-सम्मतले निर्णय गरियो। | |
| १२ | सडक मर्मत सम्भारका लागि बसन्तपुर गुफापोखरी, ढुङ्गेसाँघु दोभान सडकको गुफा साँघु खण्ड मर्मतको लागि सडक बोर्ड नेपालसँग साझेदारी गर्ने सर्वसम्मतले निर्णय गरियो। | |
| १३ | मैवाखोला गाउँपालिकाको कार्यालयमा सिभिल इन्जिनियर सातौं तह-१, असिस्टेन्ट सब इन्जिनियर चौथो-३ र गरी जम्मा ४ पदमा कर्मचारी पदपूर्ति गर्नका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने सर्व-सम्मतले निर्णय गरियो। | |
| १४ | मैवाखोला गाउँपालिकाको कबर्डहल निर्माण गर्न साँघु साबिक वडा नं. ६ निवासी बुद्धमोती लिम्बूले निजको नाममा दर्ता रहेको साबिक साँघु-६ को कि.नं. ५१८ क्षेत्रफल ३-७-१-२ भएको जग्गाबाट कित्ताकाट गरी सो उत्तर-पूर्व तर्फ ०-१०-१-३.५ जग्गा र ऐ वडा निवासी जग्गा धनी खगेन्द्र थत्लुङले निजको नाममा दर्ता रहेको साबिक साँघु- ६ को कि नं. ५१९ क्षेत्रफल ५-८-१-२ भएको जग्गाबाट कित्ताकाट गरी सो दक्षिण तर्फ ४-४-२-२ जग्गा मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साँघु, | |

| | | |
|---|---|---|
| | ताप्लेजुङलाई निः शुल्क जग्गा दिन मञ्जुरीनामा पेश गर्नु भएकाले उक्त जग्गा गाउँ कार्यपालिकाको नाममा निःशुल्क पास गर्ने निर्णय गरियो । | |
| १५ | "स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०" को दफा ६ बमोजिम निर्माण भएको मैवाखोला गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०८० मा समावेश भएको यस गाउँपालिकाको कार्यालयमा रहने कर्मचारी दरबन्दी विवरण अनुसार सोही ऐनको दफा ७ बमोजिम पद दर्ता गर्न प्रदेश निजामति किताबखानामा पठाउने सर्व सम्मतले निर्णय गरियो । | |
| १६ | मैवाखोला गाउँपालिकाले राजश्व संकलन कार्यका लागि ५ पटक सम्म सूचना प्रकाशन गर्दा पनि कुनै ठेक्का नपरेकाले यस कार्यालयको कर्मचारी तथा कुनै व्यक्तिलाई निश्चित शर्त तोकेर साँघुपाटीमा १ जना, मिल्केमा १ जना र तिर्तिरिमा १ जना कर्मचारी खटाउने निर्णय सर्वसम्मतले निर्णय गरियो । | |